Nepal Red Cross Society
Gulmi District chapter

Resunga Municipality -8Tamghas
Gulmi
Phone: 079520163
Fax : 079520686
Email:redcross.gulmi@gmail.com

Ref. No. ०८/०६८/०६३

मिति : २०७५।०४।२८

श्री संरक्षक ज्यू
नेपाल जुनियर तथा युवा रेडक्रस सर्कल गठित विद्यालयहरु,
गुल्मी

**विषय : जिल्ला स्तरीय प्रतियोगितामा सहभागिता सम्वन्धमा ।**

महोदय,
नेपाल जुनियर/युवा रेडकस सर्कलका सदस्यहरुमा शैक्षिक ज्ञानको साथसाथै अन्तरनिहित सीपको विकास गराउने उद्देश्यले जिल्ला स्तरीय प्रतियोगिताहरु आयोजना गरिएको व्यहोरा जानकारी गराउंदछौ।
श्री हिमालय मा.वि. हस्तिचौरमा २०७५ जेष्ठ ०४ र ०५ गते सम्पन्न ३४ औ जिल्ला स्तरीय जुनियर तथा युवा गोष्ठीको निर्णय बमोजिम तपशिलका विद्यालयहरुका जुनियर/ युवा सर्कलको आतिथ्यमा आयोजना हुने प्रतियोगिताहरुका लागि विद्यालय स्तरमा प्रतियोगिता गराइ उत्कृष्ठ १/१ वटा सामाग्री समयमै संबन्धित विद्यालय वा ५ दिन अगावै जिल्ला शाखामा पुग्ने गरी पठाइ दिने व्यवस्थाका लागि अनुरोध गर्दछौं ।

| क्र.स | प्रतियोगिताको नाम | प्रतियोगिता हुने विद्यालय | प्रतियोगिता हुने मिति | संबन्धित विद्यालयमा पुग्नु पर्ने मिति | प्रतियोगिताको स्तर |
|---|---|---|---|---|---|
| १ | एल्बम प्रतियोगिता | हिमालय मा.वि. हस्तिचौर | ०७५ भाद्र १९ (नेपाल रेडक्रस दिवस ) | भाद्र १७ | सबै सर्कल स्तरीय |
| २ | कविता प्रतियोगिता | चिदिपानी मा.वि. जुनिया | ०७५ भाद्र २४ (विश्व प्राथमिक उपचार दिवस) | भाद्र २२ | (कक्षा ९ देखि १२ सम्म ) |

**प्रतियोगिता संबन्धी नियमहरु**

१) प्रतियोगितामा समावेश हुने सामग्री /रचना जुनियर/युवा सदस्य( जुन स्तरीय हो सोही अनुसारका )द्धारा रचना गरिएको हुनु पर्नेछ साथै रचना गर्नेको नाम, कक्षा रोल नं. स्पस्ट उल्लेख हुनु पर्नेछ ।
२ तयार गरिएको सामग्री /रचना मानवीय सेवा भावना र व्यवहार,राष्ट्रियता , रेडक्रसका गतिविधि एवं सिद्धान्तहरुसँग संबन्धीत हुनु पर्नेछ ।
३) कविता प्रतियोगिता 'मानविय सेवा'शिर्षकमा लेख्नुपर्नेछ ।
४) समय अवधि भित्र दर्ता नभएका सामाग्रीलाई कार्यक्रममा समावेश गराइने छैन ।
५) प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय सामाग्रीलाई आयोजक निकायबाट पुरस्कार र प्रमाणपत्र जिल्ला स्तरीय गोष्ठीका अवसरमा प्रदान गरिनेछ ।
६) प्रतियोगितामा समावेश हुने सामाग्री संरक्षक वा शिक्षक नायकबाट प्रमाणित गरिएको हुनु पर्नेछ ।
७) थप जानकारी आवस्यक भएमा शाखाको फोन न. ०७९५२०१६३ वा ९८५७०६१८६३ मा सम्पर्क गर्न हुन अनुरोध छ।
८) जिल्ला स्तरीय प्रतियोगितामा उत्कृष्ट ठहरिएका सामग्रीहरु राष्ट्रिय प्रतियोगितामा सहभागी गराइनेछ ।

राजेन्द्र प्रसाद श्रेष्ठ
मन्त्री

**बोधार्थ**
नेपाल रेडकस सोसाइटी,
जुनियर /युवा रेडक्रस विभाग ,केन्द्र काठमाण्डौ ।
श्रीमान प्रमुख ज्यू
सम्पुर्ण नगरपालिका तथा गाउपालिकाहरु गुल्मी
श्री संयोजक ज्यू
जुनियर रेडकस समिति गुल्मी
श्री शिक्षक नायक ज्यू
.................................................... - आवस्यक

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
दर्ता नम्बर: २८८
दर्ता मिति: ०७५।५।१५
दर्ता गर्ने: ........